**भूकम्प सुरक्षा दिवस, मूल समारोह समितिको मिति २०७४ पौष २० गतेको बैठकका निर्णयहरु**

१. यस वर्षको भूकम्प सुरक्षा दिवसका लागि यसै साथ संलग्न भूकम्प सुरक्षा दिवसको 'मुल समारोहको कार्यक्रम' पारित गर्ने ।

२. यस वर्षको भूकम्प सुरक्षा दिवसको **"सबल समुदाय र स्थानीय सरकार, भूकम्पीय सुरक्षाको बलियो आधार"** भन्ने नारा तय गरियो ।

३.भूकम्प सुरक्षा दिवस, २०७४ मूल समारोहको कार्यक्रम काठमाडौं महानगरपालिकाअन्तर्गत न्युरोड जुद्ध शालिकको पश्चिमतर्फको बसन्तपुर खण्डमा आयोजना गर्ने ।

४.भूकम्प सुरक्षा दिवस, २०७४ मूल समारोहको कार्यक्रमको प्रमुख आतिथ्यताका लागि सम्माननीय प्रधानमन्त्रीज्यू लाई अनुरोध गर्ने । साथै मूल समारोहको कार्यक्रममा अतिथिका रुपमा माननीय उपप्रधानमन्त्री तथा मन्त्रीज्यूहरुलाई समेत आमन्त्रण गर्ने ।

५. भूकम्प सुरक्षा दिवस मार्गदर्शन, २०७१ बमोजिम गठित काठमाडौं महानगरपालिकाका प्रमुखको संयोजकत्वको व्यवस्थापन उप-समिति र सहरी विकास तथा भवन निर्माण विभागको महानिर्देशकको संयोजकत्वको प्रचार-प्रसार उप-समितिले उक्त मार्गदर्शन बमोजिमको निर्दिष्ट कार्य प्रारम्भ गर्ने ।

६. भूकम्प सुरक्षा दिवस, २०७४ का विभिन्न क्रियाकलापहरु गर्नका लागि गृह मन्त्रालयबाट विगतका वर्षहरुमा जस्तै रु. ३,००,०००/- (अक्षरुपी रु. तीन लाख ) आर्थिक सहयोग भूकम्प सुरक्षा दिवस मूल समारोह समितिको सदस्य-सचिव भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाललाई उपलब्ध गराउने ।

७. भूकम्प सुरक्षा दिवस, २०७४ **"सबल समुदाय र स्थानीय सरकार, भूकम्पीय सुरक्षाको बलियो आधार"** भन्ने नारा सहित विभिन्न कार्यक्रमहरु राखी प्रमुख जिल्ला अधिकारीको समन्वयमा सबै जिल्लामा भूकम्प सुरक्षा दिवस भव्यताका साथ मनाउनका लागि सबै जिल्लाका जिल्ला समन्वय समितिलाई पत्राचार गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने ।

८.बीसौं औं भूकम्प सुरक्षा दिवसको नारा सहितको पोष्टर मूलुकभरका निजी, सामुदायिक तथा सरकारी विद्यालयहरुमा पठाई विभिन्न शैक्षिक एवम् चेतनामूलक कार्यक्रमका साथै प्याब्सन एनप्याब्सन लगायतको समन्वयमा शिक्षक विधार्थीहरुको सहभागिताका साथ भूकम्प सुरक्षा दिवस,२०७४ मनाउने व्यवस्था गर्नका लागि शिक्षा मन्त्रालयलाई अनुरोध गर्ने ।

९.सबै जिल्ला प्रशासन कार्यालयहरुलाई भूकम्प सुरक्षा दिवस मार्गदर्शन, २०७१ बमोजिम भूकम्प सुरक्षा दिवस, २०७४ मनाउनको लागि गृह मन्त्रालयबाट परिपत्र गर्ने । सोको लागि सबै जिल्लाहरुमा कार्यक्रम गर्न रु.१०,०००।- (अक्षरुपी रु. दश हजार) रकम उपलब्ध गराउने ।

१०. विगतका वर्षहरुमा जस्तै विभिन्न कार्यक्रमहरुमा सहभागिता जनाई २० औं भूकम्प सुरक्षा दिवस, २०७४ भव्यताका साथ मनाउन नागरिक समाज, संयुक्त राष्ट्रसंघीय निकायहरु, राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु र सामुदायिक संस्थाहरुलाई आह्वान गर्ने ।

5/20